आज मिति २०८१।११।२१ गते बुधबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. वरिष्ठ लेखा अधिकृत श्री उद्गम तिमिल्सिना

२. वरिष्ठ शाखा अधिकृत श्री वायु पण्डित

३. शिक्षा अधिकृत श्री पुष्करराज विष्ट

४. रोजगार संयोजक श्री आकाश शेरचन

## कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: ५१

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०८१।११।२१

बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समय: विहान १०:३० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।११।२१ | १०:३० बजे | आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १ |
| २०८१।११।२१ | १०:३५ बजे | सर्वोच्च अदालतको आदेश एवं फैसला कार्यान्वयन सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | २ |
| २०८१।११।२१ | १०:४० बजे | स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयबाट कार्यान्वयन हुने चितवन जिल्ला इच्छाकामना-७, गर्दास देखि कालिका-३ जोड्ने सडक पिच बाटो योजना सम्बन्धमा। | योजना शाखा | ३ |
| २०८१।११।२१ | १०:४५ बजे | बागमती प्रदेश सामाजिक विकास मन्त्रालय, हेटौंडाबाट कार्यान्वयन हुने विद्यालय पूर्वाधार निर्माण योजनाको नाम परिवर्तन सम्बन्धमा। | योजना शाखा | ४ |
| २०८१।११।२१ | १०:५० बजे | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ५ |
| २०८१।११।२१ | १०:५५ बजे | मुहान संरक्षण कार्यक्रमको लागि बजेट उपलब्ध गराउने सम्बन्धमा। | योजना शाखा | ६ |
| २०८१।११।२१ | ११:०० बजे | 'घ' वर्गको निर्माण व्यवसायको लागि इजाजत प्रदान गर्ने सम्बन्धमा। | व्यवसाय शाखा | ७ |
| २०८१।११।२१ | ११:०५ बजे | स्थानीय सडक गुरु योजना (MTMP) र दोस्रो आवधिक योजना (Periodic Plan) को कार्यक्षेत्रगत शर्त (TOR) तथा लागत अनुमान स्वीकृति सम्बन्धमा। | पूर्वाधार विकास/आर्थिक प्रशासन शाखा | ८ |
| २०८१।११।२१ | ११:१० बजे | निजी जग्गाको IEE Report स्वीकृति सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ९ |
| २०८१।११।२१ | ११:१५ बजे | मुटु रोगबाट पिडितलाई औषधी उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १० |
| २०८१।११।२१ | ११:२० बजे | स्थायी कर्मचारीको तह बृद्धि सम्बन्धमा। | प्रशासन शाखा | ११ |
| २०८१।११।२१ | ११:२५ बजे | वडा नं.४ कुरिनटारमा सञ्चालित अस्थायी क्रसर प्लान्ट र अस्थायी अस्फाल्ट कंक्रिट प्लान्टको म्याद थप सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १२ |
| २०८१।११।२१ | ११:३० बजे | वडा नं. ३ चुम्लिङटारमा सञ्चालित अस्थायी व्याचिङ प्लान्टको म्याद थप सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १३ |

| | | | | |
|---|---|---|---|---|
| २०८१।११।२१ | ११:३५ बजे | नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि वितरण सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १४ |
| २०८१।११।२१ | ११:४० बजे | वडा नं. ४ मा रहेको सर्वशान्ति क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | १५ |
| २०८१।११।२१ | ११:४५ बजे | दहत्तरबहत्तरसँग सम्बन्धित आय ठेक्का सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १६ |
| २०८१।११।२१ | ११:५० बजे | निजी जग्गाबाट निर्माणजन्य सामाग्री तथा माटो उत्खखन् तथा विक्रिवितरण गर्ने प्रयोजनको लागि IEE गर्न पेश भएको TOR सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १७ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

## पूर्व बैठकको समीक्षा

मिति २०८१।१०।१० मा बसेको ५० औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**मिति २०८१।११।२१ मा बसेको ५१ औं कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१:** आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको अधिनमा रही तपसिल बमोजिमका संस्थाहरुलाई तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने।

(क) ५ नं. वडामा रहेको शान्ति संगम बौद्ध गुम्बामा दैनिक पुजा आराधनाको निम्ति आवश्यक पुजा सामाग्री व्यवस्थापनको लागि प्राप्त विल भर्पाईका आधारमा उक्त संस्थालाई धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट बढिमा रु. २०,०००।- (अक्षरेपि बीस हजार मात्र) सहयोग उपलब्ध गराउने।

(ख) इच्छाकामना साहित्य प्रवाह, इच्छाकामना - ४, चितवनले लक्ष्मी जयन्ती - २०८१ को अवसर पारेर प्रकाशन गरेको साहित्यिक पुस्तक "इच्छाकामना दर्पण" दोस्रो अङ्कलाई प्रकाशन खर्च सहयोग बापत भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट प्राप्त बिल भर्पाइका आधारमा छापिएको पुस्तकको संख्या र प्रति पुस्तक मूल्य अनुसार कायम हुन आउने रकम उक्त संस्थालाई उपलब्ध गराउने।

(ग) ३ नं. वडामा रहेको सयपत्री आमा समूह, रुप्लाङ्गलाई मादल, झर्रा तथा खैंचडी खरिदको लागि सहयोग स्वरुप प्राप्त बिल भर्पाईका आधारमा भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट रु. ३५,०००।- (अक्षरेपि पैंतिस हजार मात्र) रकम उपलब्ध गराउने।

**निर्णय नं.२:** सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल काठमाडौं को प.सं. ०८१।८२, च.नं. ३०५, मिति २०८१।०९।०२ को आदेश एवं फैसला कार्यान्वयन सम्बन्धी पत्रानुसार सर्वोच्च अदालतको मिति २०७१।०७।०२ को आदेश र मिति २०८१।०१।३१ को फैसलाबाट यस गाउँपालिकाको ५ नं. वडामा रहेको त्रिवेणी बराह माध्यमिक विद्यालयको नामले सञ्चालित विद्यालयको नामाकरण "त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालय" गरी गराई आदेश एवं फैसलाको पूर्ण रुपमा कार्यान्वयन गरी गराई सो को जानकारी उक्त निर्देशनालयलाई पठाउनुहुन भनी लेखी आएकोले सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्ने।

**निर्णय नं.३:** आ.व. २०८१।०८२ को लागि स्वीकृत भएको चितवन जिल्ला इच्छाकामना -७ गर्दास देखि कालिका -३ जोड्ने सडक पिच बाटो को कार्यान्वयन योजनाको नाम बमोजिम इच्छाकामना - ७ गर्दास देखि शुरुवात गर्न सम्बन्धित निकायलाई अनुरोध गरी लेखी पठाउने।

**निर्णय नं.४:** आ.व. २०८१।०८२ को लागि बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको ७ नं. वडामा विद्यालय पूर्वाधार निर्माण गर्न "आधारभूत विद्यालय, दाहाखानी, इच्छाकामना - ७" नामको योजनाको लागि बजेट विनियोजन भएकोमा उक्त योजनामा विद्यालयको वास्तविक नाम फरक पर्न गएकोले योजनाको नाम "आदर्श आधारभूत विद्यालय, दाहाखानी, इच्छाकामना - ७" कायम गरी उक्त योजनाको कार्य अगाडी बढाउनको लागि सम्बन्धित निकायमा लेखी पठाउने।

बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

**निर्णय नं.५:** आ.व. २०८१।०८२ को सङ्घीय सरकारबाट हस्तान्तरित सुरक्षित नागरिक आवास कार्यक्रम (ब.शि.नं. ३११५९) मा विनियोजित बजेटबाट विगतमा उक्त कार्यक्रमा लाभग्राहीको रुपमा रही प्रथम किस्ता लिएका लाभग्राहीहरुलाई प्राविधिक प्रतिवेदन एवं सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा दोहोरो सुविधा नपर्ने गरी दोस्रो किस्ताको रकम भुक्तानी दिने।

**निर्णय नं.६:** ४ नं. वडामा पर्ने रिठेखोला खानेपानी मुहान र ढाप्रे खोला खानेपानी मुहानबाट स्थानीयहरुले परम्परागत शैलीमा खानेपानी उपयोग गर्दै आइरहेकोले उक्त मुहानहरुको संरक्षण गरी सुरक्षित र दिगो खानेपानीको लागि प्राविधिकको लागत अनुमान अनुसार निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार खर्च शिर्षकबाट खर्च लेख्ने गरी मुहान संरक्षणको कार्य अगाडी बढाउने।

**निर्णय नं.७:** इच्छाकामना गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९ को दफा २(३) बमोजिम श्री न्हान्सी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (Nhaansi Construction and Suppliers Pvt. Ltd.) इच्छाकामना – ६, चितवनलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने।

**निर्णय नं.८:** यस गाउँपालिकाको स्थानीय सडक गुरु योजना (MTMP), दोस्रो आवधिक योजना (Second Periodic Plan) र त्रिशुली नदीको जिवन बगर तथा कालीखोला बगरको प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination- IEE) प्रतिवेदन तयार गर्नको लागि वेग्ला वेग्लै तयार पारिएका कार्यक्षेत्रगत शर्तहरु (TOR) तथा लागत अनुमान स्वीकृति गर्ने।

**निर्णय नं.९:** यस गाउँपालिकाको ७ नं. वडा भालुमारा, साविक जुटपानी गा.वि.स. वडा नं. ९/ख को कित्ता नं. ८५,८६,८७,८९,९० र ९१ का नीजि जग्गाहरुबाट निर्माणजन्य सामग्री उत्खनन् गरी विक्रि वितरण गर्ने र जग्गालाई खेतीयोग्य बनाउने प्रयोजनको लागि नारायणी ट्रेनिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैंडाकोट न.पा.-१, नवलपरासी (ब.सु.पूर्व) द्वारा तयार पारी न्यू एस.वि. कन्स्ट्रक्सन रत्ननगर न.पा.-१२, चितवनले पेश गरेको IEE Report स्वीकृत गर्ने।

**निर्णय नं.१०:** वडा नं. ७ बस्ने मुटु सम्बन्धी रोगबाट पिडित कान्छीमाया चेपाङको आर्थिक अबस्था कमजोर भएकोले निजको स्वास्थ्य उपचार सहयोगार्थ रु. २०,०००।- (अक्षरेपि बीस हजार मात्र) रकम उपलब्ध गराउने।

**निर्णय नं.११:** २०८१ पौष मसान्तभित्र ५ बर्ष सेवा अवधि पुरा भएको तपसिलमा उल्लिखित कर्मचारीको बागमती प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९(२) तथा दफा ३०(१) बमोजिम सम्पूर्ण आवश्यक योग्यता पुगेकोले दफा ३०(२) बमोजिम माघ १ गते देखि लागू हुने गरी एक तह बृद्धि गर्ने।

बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

तपसिल:

| क्र.सं. | कर्मचारीको नाम थर | हालको पद र तह | संकेत नम्बर | शुरु नियुक्ति मिति | बृद्धि हुने पद र तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्यामबहादुर खनाल | शाखा अधिकृत, सातौं | २३५३६८ | २०७६।०८।१८ | बरिष्ठ शाखा अधिकृत, आठौं | मिति २०७९।०४।०१ देखि लागू हुने गरी सातौं तह कायम |

**निर्णय नं.१२:** नेपाल सरकारको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना नागढुङ्गा मुग्लिङ्ग सडक विस्तार आयोजना अन्तर्गतको पश्चिम खण्ड मलेखु मुग्लिङ सडक आयोजनाको काममा प्रयोग गर्नको लागि आवश्यक पर्ने निर्माण सामाग्री तयार पार्न यस गाउँपालिकाको वडा नं. ४ कुरिनटारमा स्थापना भई गाउँपालिकाबाट सञ्चालनको अनुमति पाएको अस्थायी क्रसर प्लान्ट र अस्थायी अस्फाल्ट कंक्रिट प्लान्टको ६ महिनाको सञ्चालन अनुमतिको म्याद मिति २०८१।१२।१६ गते देखि सकिने र सडक विस्तारको कार्य पुरा भई नसकेकोले गाउँपालिकाको आर्थिक ऐन बमोजिम राजश्व लिई थप ६ महिना (मिति २०८२।०६।१६ गते सम्म) को लागि सञ्चालन अनुमतिको म्याद थप गर्ने।

**निर्णय नं.१३:** ब्लु इनर्जी लि. द्वारा प्रवर्द्धित तथा सि.ई. कन्स्ट्रक्सन प्रा.लि. द्वारा निर्माणाधिन इच्छाकामना गाउँपालिमा वडा नं. ३ स्थित त्रिशुली नदीमा निर्माणाधिन १०० मे.वा. क्षमताको सुपर त्रिशुली जलविद्युत आयोजनालाई निर्माण कार्यमा प्रयोग हुने सामाग्री ढुङ्गा, गिट्टी, बालुवा तथा सिमेन्ट आदिको मिक्सिङ कार्यको लागि आवश्यक पर्ने अस्थायी व्याचिङ प्लान्ट स्थापना तथा सञ्चालन गर्न गाउँपालिकाले दिएको ६ महिनाको म्याद मिति २०८१।१२।१६ गते देखि सकिने र आयोजनाको कार्य पुरा भई नसकेकोले गाउँपालिकाको आर्थिक ऐन बमोजिम राजश्व लिई थप ६ महिना (मिति २०८२।०६।१६ गते सम्म) को लागि सञ्चालन अनुमतिको म्याद थप गर्ने।

**निर्णय नं.१४:** गाउँपालिकाबाट स्विकृत IEE प्रतिवेदनको अधिनमा रही IEE प्रतिवेदनमा उल्लिखित दरमा (प्रदेश कानूनले तोकेको दरमा नघट्ने गरी) अग्रिम राजश्व लिई त्रिशुली नदी किनारको सोता बगरबाट २४,००० (चौबीस हजार) घ.मी. नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गरी घाटगद्दी गरी गाउँपालिकाको प्राविधिकको निगरानी र नापजाँच पश्चात मात्र निकासी गर्ने गरी मलेखु मुग्लिङ सडक आयोजना/ब्लु इनर्जी लि. द्वारा प्रवर्द्धित १०० मे.वा. क्षमताको सुपर त्रिशुली जलविद्युत आयोजनालाई उक्त आयोजनाहरुमा नै प्रयोग गर्न अनुमति प्रदान गर्ने।

**निर्णय नं.१५:** आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको सर्वशान्ति क्याम्पस तलबभत्ता शिर्षकमा विनियोजित रु.१५,००,०००।- (अक्षरेपि पन्ध्र लाख मात्र) बजेट गाउँपालिकाको ४ नं. वडा कुरिनटारमा रहेको सर्वशान्ति क्याम्पसमा अध्यापनरत सहायक प्राध्यापकहरुको पारिश्रमिक उपलब्ध गराउने प्रयोजनको लागि अनुदानको रुपमा उपलब्ध गराउने।

[illegible] बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ्
गाउँपालिका अध्यक्ष

**निर्णय नं.१६:** यस गाउँपालिकाको ७ नं. वडामा पर्ने खगेरी खोलाको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गर्ने प्रयोजनको लागि गाउँपालिकाबाट स्विकृत IEE प्रतिवेदनमा उल्लिखित तथा जिल्ला अनुगमन समितिले दिएको उत्खनन् गर्न सकिने परिमाण ७०,०००(सत्तरी हजार) घ.मी. मध्ये ५०,००० (पचास हजार) घ.मी. को आय ठेक्काको लागि प्रकृया अगाडी बढाउने।

**निर्णय नं.१७:** यस गाउँपालिकाको ७ नं. वडा भालुमारा, साविक जुटपानी गा.वि.स. वडा नं. ९/ख को कित्ता नं. ८५,८६,८७,८९,९० र ९१ का नीजि जग्गाहरुबाट निर्माणजन्य सामग्री उत्खनन् गरी विक्रि वितरण गर्ने र जग्गालाई खेतीयोग्य बनाउने प्रयोजनको लागि IEE गर्न नारायणी ट्रेनिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैंडाकोट न.पा.-१, नवलपरासी (ब.सु.पूर्व) ले पेश गरेको TOR स्वीकृत गर्ने मिति २०८१।११।०८ गतेको अध्यक्षस्तरीय निर्णय अनुमोदन गर्ने साथै वडा नं.७ गर्दास साविक जुटपानी गा.वि.स. वडा नं. ९/ख को कित्ता नं. ४२, ९६, ९७, ९८, १०८ र १०९ का नीजि जग्गाहरुबाट माटो उत्खनन् गरी विक्रि वितरण गर्ने र जग्गालाई खेतीयोग्य बनाउने प्रयोजनको लागि IEE गर्न नारायणी ट्रेनिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैंडाकोट न.पा.-१, नवलपरासी (ब.सु.पूर्व) ले पेश गरेको TOR स्वीकृत गर्ने

बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष